# निस्दी गाउँपालिका

# स्थानीय राजपत्र

## लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

गाउँपालिकाबाट स्वीकृत मितिः २०७८/०३/०९

प्रस्तावना : नेपालको संविधानमा लैंगिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैंगिक भेदभाव विना समान वंशिय हक, सुरक्षित मातृत्व सम्बन्धि हक, राज्यका सबै निकायमा समानुपातिक समावेशि सिद्धान्तको आधारमा सहभागि हुने लगायतका मौलिक हकको प्रत्याभूति गरी महिला विरुद्धका सवै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनिय बनाई पिडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा विशेष अवसरद्धारा लैंगिक समानता कायम गर्ने व्यवस्था भएअनुरुप निस्दी गाउँपालिकाले महिलामाथि हुने सबै प्रकारका हिंसा, विभेद, गलत अभ्यास विरुद्धमा कार्यक्रम संचालन गर्दै आइरहेको छ । हिंसाबाट पिडितलाई तत्काल उद्धार गर्न, औषधि उपचार गर्न, कानुनी सहायता, मनोवैज्ञानिक उपचार लगायतका कार्य गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालयबाट सशर्त अनुदानमा प्राप्त रकम र स्थानिय तह लगायत अन्यत्रबाट प्राप्त रकम समेत लाई लैंगिक हिंसा निवारण

कोष स्थापना गरी सो कोषबाट पीडितलाई तत्काल उद्धार र राहत तथा पुनर्स्थापना गर्ने पीडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल सहज एवं एकरुप बनाउने उद्धेश्यले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी निस्दी यो कार्यविधि तर्जुमा गरी लागू गरीएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम 'लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७८' रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. परिभाषाः

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) 'गाउँपालिका' भन्नाले निस्दी गाउँपालिका सम्झनु पर्दछ ।

ख) 'मन्त्रालय' भन्नाले महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।

ग) 'कोष' भन्नाले गाउँपालिका स्थापना गरिएको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

घ) 'रकम' भन्नाले निस्दी गाउँपालिकामा सशर्त अनुदानमा प्राप्त भएको रकम वा यसै कार्यविधिको दफा अनुसार प्राप्त भई लैंगिक हिंसा निवारण कोषमा जम्मा गरीएको रकम सम्झनु पर्दछ ।

ङ) 'पीडित' भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित सम्झनु पर्दछ ।

च) 'तत्काल उद्धार तथा राहत समिति' भन्नाले पीडित( लाई राहत तथा गाउँपालिकामा गठित स्थानिय तत्काल उद्धार तथा राहत समितिलाई सम्झनु पर्दछ ।

छ) 'लैंगिक हिंसा' भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनुपर्दछ ।

३. कोषको स्थापनाः

१) लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरीएको छ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

क) गाउँसभाबाट विनियोजित रकम,

ख) नेपाल सरकारबाट प्राप्त रकम,

ग) विदेशि व्यक्ति, अन्तराष्टिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

घ) स्वदेशि व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

३) उपदफा १ बमोजिमको रकम कुनै सनराईज बैंकमा छुट्टै खाता खोली जम्मा गरिने छ ।

४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. कोषमा रकम जम्मा गर्नेः

दफा ३ को उपदफा २ बमोजिमको रकम आवश्यकता अनुसार कोषमा जम्मा गर्नुपर्नेछ ।

५. कोषको उपयोग

१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ ।

क) पीडितलाई तत्काल उद्धार गर्न,

ख) पीडितलाई औषधि उपचार गर्न,

ग) पिडितलाई राहत प्रदान गर्न तथा आर्थिक सहयोग प्रदान गराउन,

घ) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुको लागि अल्पकालिन सेवा केन्द्र संचालनको लागि सेवा प्रदान गर्न,

ङ) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

च) सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदानका रुपमा प्रदान गर्न,

छ) हिंसापीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

ज) लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानुन बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा क्षतिपूर्ति दिन ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानिय तत्काल राहत तथा उद्धार समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसा बाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. <u>कोषको रकम अन्य काममा खर्च गर्न नसकिने:</u>

१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

७. स्थानिय तत्काल उध्दार तथा राहत समितिको गठनः

१) पीडितलाई तत्काल उद्धार, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागि एक स्थानिय तत्काल उध्दार तथा राहत समितिको गठन गरिने छ ।

२) स्थानिय तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम रहनेछ ।

| | | |
|---|---|---|
| क) | गाउँपालिका उपाध्यक्ष | अध्यक्ष |
| ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) | इलाका प्रहरी प्रमुख | सदस्य |
| घ) | गाउँ सभा सदस्य (महिला २ जना) | सदस्य |
| ङ) | स्थानिय गैरसरकारी संस्थाका प्रतिनिधि मध्ये अध्यक्षले मनोनित गरेको | सदस्य |
| च) | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

३) उपदफा २ बमोजिमको सदस्यको पदावधि आवश्यक( ताको आधारमा परिवर्तन हुनेछ ।

४) उपदफा २ बमोजिम गठित सदस्यहरुलाई आवश्यकतानुसार परिवर्तन गर्न बाधा पुग्ने छैन ।

५) स्थानिय तत्काल उद्धार तथा राहत समितिको सचि( वालय गाउँपालिकामा रहनेछ ।

६) स्थानिय तत्काल उद्धार तथा राहत समितिको बैठक सम्बन्धि कार्यविधि सो समितिले आफैं निर्धारण गरे बमोजिम हुनेछ ।

८. स्थानिय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य अधिकारः

स्थानिय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य

अधिकार देहाय बमोजिम हुनेछः

क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

ग) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

घ) लैंगिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः

१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकम नबढ्ने गरी उपलब्ध गराईनेछ ।

क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत लाग्ने रकम र बास बस्नु पर्नै भए बापत छुट्टै रकम ,

ख) पीडितलाई अस्पताल भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत र अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु पर्ने र उपचार खर्च समेत गरी लागेको यथार्थ खर्च उपलब्ध गराउने ।

ग) पीडित सँग कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम,

घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा

मनोविमर्शका लागि पाँच हजार रुपैंयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

ङ) पुनर्स्थापनाको लागि बढीमा पाँचहजार रुपैंया,

च) हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नको लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति बीस हजार रुपैंया ,

छ) प्रदेश, जिल्ला वा अन्य स्थानिय तहमा स्थाप( ना भई संचालन भईरहेका तथा मन्त्रालयले स्थानिय तहमा हस्तान्तरण गरेको अल्पक( ालीन सेवा केन्द्रमा गाउँपालिका बाट हिंसा पीडितलाई पुनर्स्थापना गराईएको भए र सो सेवा केन्द्रबाट माग भई आएमा स्थानिय तत्काल उद्धार तथा राहत समितीले निर्णय गरेबमोजिमको रकम,

२) उपदफा १ बमोजिमको रकम अपर्याप्त भएको मानसिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनसिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई तीन हजार रुपैंया नबढ्ने गरी मानसिव रकम थप गरी दिन सक्नेछ ।

१०. <u>राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने:</u>

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मानसीव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला बालबालिका तथा ज्येष्ठ नागरीक शाखामा निवेदन दिनु पर्नेछ ।

२) उपदफा १ बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ

गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा स्थानिय तत्काल उद्धार तथा राहत समितिले दफा ९को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाईएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भिर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुनर्स् थापना वा राहत लगायतको प्रयोजनका लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएमा र सञ्चालन समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा सञ्चालक समितिको अध्यक्षले आवश्यकता र औचित्यकमा आधारमा मानसिव रकम कोषकाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

११. <u>छुट्टै खाता खोल्नु पर्ने:</u>

१) लैंगिक हिंसा निवारण कोषमा प्राप्त भएको रकम कुनै सनराईन बैंङ्कमा छुट्टै खाता खोली जम्मा गर्नुपर्ने छ ।

२) उपदफा १ बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१२. <u>कोषको लेखा र लेखापरीक्षण:</u>

१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१३. आवर्ती (रिभल्भिङ कोष)योकोष आवर्ती (रिभल्भिङ) कोषको रुपमा रहनेछ ।

१४. प्रतिवेदन पेश गर्ने:

स्थानिय तत्काल उद्धार तथा राहत समितीले प्रत्येक तीन महिन(ामा भए गरेका काम कारवाहिको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने तथा मन्त्रालयमा पठाउनुपर्नेछ ।

१५. बैठक भत्ता:

स्थानिय तत्काल राहत तथा उद्धार समितिका पदाधिकारीले सो समितिको बैठकमा भाग लिए बापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

१६. समन्वय गर्ने:

स्थानिय तत्काल उद्धार तथा राहत समितिले मन्त्रालय, केन्द्रिय तथा प्रदेश तत्काल उद्धार तथा राहत समिति सँग आवश्यक समयमा समन्वयात्मक ढंगले काम गर्नेछ ।

## अनुसुची १
(दफा १० को उपदफा १ सँग सम्बन्धित)

विषयः सहयोग उपलब्ध गराई पाउँ ।

श्री अध्यक्ष ज्यु स्थानिय तत्काल उद्धार तथा राहत समिति................ ।

म................मा बस्ने वर्ष‘................को ................मिति ................मा लैंगिक हिंसाबाट पीडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ र म उपर लैंगिक हिंसा (................) भएको कारणले मेरो मानसिक/शिरिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानुनी सहायता एवं परामर्श/उध्दार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य................ कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानिय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको नामः
नाम थरः
ठेगानाः
दस्तखतः
मितिः